# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः३ मितिः २०८०\०३\२६

### भाग–२

### लिखु तामाकोशी गाउँपालिका

**लिखु तामाकोशी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८०**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८० असार २६ गते

**प्रस्तावनाः**

लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्धनका लागि यस गाउँपालिकाका सबै वडामा गठन गरिने वडा स्तरीय बाल क्लव र गाउपालिका स्तरीय बाल क्लब गठन तथा परिचालनमा एकरुपता ल्याउने उद्धेश्यले लिखु तामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम लिखु तामाकोशी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८० रहेको छ।

यो कार्यविधि लिखु तामाकोशी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८० लाई सम्झनुपर्छ।

(ख) "पदाधिकारी" भन्नाले वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लवको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवलाई सम्झनुपर्छ।

(ग) ‘‘कार्यकारी सदस्य" भन्नाले वडा स्तरीय तथा गाउँपालिका स्तरीय कार्यकारी समितीका सदस्यलाई सम्झनुपर्दछ।

घ) ‘‘साधारण सदस्य" भन्नाले वडा स्तरीय बाल क्लबमा सूचिकृत सम्बन्धित वडाभित्रका सोह्र वर्ष मुनिका सबै बालबालिकालाई सम्झनुपर्छ।

(ङ) ‘‘सल्लाहकार समिति" भन्नाले प्रत्येक क्लवको कार्यक्षेत्र भित्रका सम्बन्धित वडा कार्यलयको तोकेको टोल विकास संस्थाका बढीमा दुई जना अध्यक्ष सहित क्लवले मनोनयन गरेका अठार वर्ष उमेर पूरा भएका तीन जना पुरुष सहितको प्रतिनिधित्व रहने गरी कार्यविधिको नियम १८ बमोजिम गठन हुने पाँच सदस्यीय क्लबको सल्लाहकार समितिलाई सम्झनुपर्छ, र सो शब्दले आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लबको सल्लाहकार समिति समेतलाई सम्झनुपर्छ।

(च) ‘‘गाउँपालिका’’ भन्नाले लिखु तामाकोशी गाउँपालिका तथा मातहातका वडा कार्यालय समेतलाई सम्झनुपर्छ।

(छ) "क्लब’’ भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लब समेतलाई सम्झनुपर्दछ।

(ज) "अध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरिय बाल क्लब तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष समेतलाई सम्झनुपर्छ।

(झ) "कार्यकारी समिति’’ भन्नाले वडा स्तरीय बाल क्लवको पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति समेतलाई सम्झनुपर्छ।

(३) **क्लब गठनका लागि सूचना प्रवाह गर्नुपर्नेः** यो कार्यविधि लागु भएपछि पहिलो पटकका लागि गाउँपालिकाका सम्बन्धित वडा कार्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो क्षेत्रभित्र सोह्र वर्ष मुनिका बालबालिकाहरु मात्र सम्मिलित क्लब गठन गर्ने मिती, समय, स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानिय सञ्चार माध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ।

(४) **क्लब गठन गर्नुपर्नेः** नियम ३ बमाजिम उल्लिखित मिती समय र स्थानमा पहिलो पटकका लागि क्लब गठन गर्न कार्यपालिकाले तोकेको एकजना कार्यपालिकाको सदस्य सम्बन्धित वडाको वडा अध्यक्ष र सम्बन्धित वडाको कम्तीमा एकजना महिला वडा सदस्यको अनिवार्य उपस्थितिमा उपस्थित बालबालिकाहरुको भेलाबाट साविक गाँउ विकास समीतिका वडाबाट कम्तिमा दुई दुई जना पर्ने गरी ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुषको प्रतिनिधित्व हुने गरी सकभर समावेशीता समेतलाई सम्बोधन गर्दै सर्वसम्मत हुने गरी १५ सदस्यीय क्लबको पदाधिकारी सहितको कार्यकारी समितिगठन गर्नु पर्नेछ।

(५) **क्लब दर्ता तथा नवीकरण कार्यविधिको नियम ४ बमोजिम गठन हुने**: प्रत्येक क्लवको दर्ता तथा नविकरण अनुसूचि १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयले गर्नु पर्दछ।

**(६) वार्षिक साधारण सभा र नेतृत्व चयनः**

(१) सम्बन्धित वडा कार्यालयसंग समन्वय गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितीले ३५ दिनभित्र कम्तिमा ७ दिन अगावै प्रत्येक क्लबको अध्यक्षले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक सभा नबोलाइएको अवस्थामा सम्बन्धित वडाका वडा अध्यक्षले ७ दिनभित्र सम्बन्धित क्लवको वार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ।

(३) वार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ।

(४) वार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ। क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले वार्षिक साधारण सभाको अध्यक्षता गर्नेछ।

(५) वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षका लागि पदाधिकारी र कार्यकारी सदस्य सहितको नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगतका क्लवमा बसेको व्यक्ति पुनः पदाधिकारी तथा कार्यकारी सदस्यमा दोहोरिन पाउने छैन।

(६) उपनियम ४ बमोजिम नेतृत्व चयन गर्दा नियम ३ मा उल्लेख गरिए बमोजिमको पदाधिकारीहरुको रोहवरमा सोही नियममा उल्लेखित प्रावधानको अवलम्बन गरी क्लवको १५ सदस्यीय नयाँ कार्यकारी समिति चयन गर्नु पर्नेछ।

(७) **कार्यकारी समितिः** (१) प्रत्येक क्लबमा एक कार्यकारी समिति रहनेछ।

(२) कार्यकारी समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(३) कार्यकारी समितीको बैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कार्यकारी समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ

(५) उपनियम ४ बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी समितीको निर्णय हुनेछ।

(६) वार्षिक साधारण सभा गर्ने भनी कार्यविधिमा स्पष्ट व्यवस्था भएकोमा वाहेक क्लबबाट सम्पादन हुने काम कारवाही क्लवको कार्यकारी समितिले गर्नेछ।

(७) कार्यकारी समितिको बैठकमा सम्बन्धित वडाको एक जना प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ।

**(८) अभिलेख राखी दिनु पर्ने** :

प्रत्येक क्लबले आफ्नो काम कारवाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु सम्बन्धित वडा कार्यालयले अद्यावधिक राखि दिनुपर्नेछ।

(क) सदस्य दर्ता अभिलेख,

(ख) साधारण सभा र कायकारी समितिसँग सम्बन्धित सम्पूर्ण अभिलेख,

(ग) गाउँपालिकाले तोकेको अन्य आवश्यक कुराहरु।

**(९) क्लबको सदस्यता प्राप्ति र निलम्बन**:

(१) क्लबको कार्य क्षेत्रभित्रका प्रत्येक घरघुरीका १६ वर्ष मुनिका बालवालिकाले क्लबको सदस्यता लिन चाहेमा सम्बन्धित वडा सचिव मार्फत कार्यकारी समिति समक्ष सदस्यता प्राप्तिका लागि आवेदन दिनुपर्नेछ र क्लबको कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्रको बालबालिका भए नभएको यकीन गरी कार्य क्षेत्रभित्रको भए साधारण सदस्यमा सूचिकृत गर्नु पर्नेछ।

(२) कार्याविधि विपरीत कार्य गर्ने क्लवको कुनै पनि सदस्यलाई क्लबको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा छ महिना सम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ।

**(१०) क्लवको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अलावा प्रत्येक क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) क्लवमा आवद्ध सदस्य सहित १६ वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने।

(ख) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट बञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने।

(ग) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतना मूलक कार्यमा सक्रिय सहभागिता जनाउने।

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने।

(च) लिखु तामाकोशी गाउँपालिकालाई मुलुकमै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने।

(छ) आफ्नो वडालाई शैक्षिक बन्द, हड्ताल निशेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने।

(ज) क्लबले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ५ जना साधारण सदस्यहरु सम्मिलित उपसमितिहरु गठन गर्न सक्ने।

(झ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

(११) **अध्यक्षको काम, कर्तव्य र अधिकार**: यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएको काम कर्तव्य र अधिकारको अलावा प्रेत्यक क्लबको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा र कार्यकारी समितीको बैठकको कार्यसूचि तथा प्रस्ताव पेश गर्ने गराउने

(ग) गाउँसभा गाउँपालिका एवं क्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउँने सदैव तल्लीन रहने।

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(ङ) क्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने,

(च) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने,

(१२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** प्रत्येक क्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार समाल्ने

(ख) क्लवका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने

(१३) **सचिवको काम, कर्तव्य र अधिकार**: प्रत्येक क्लबको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रूपमा काम गर्ने,

(ख) साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सम्बन्धित वडा कार्यालयलाई बुझाउने,

(ग) अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने,

(घ) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१४) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :** प्रेत्यक क्लवको कोपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) क्लबमा आबद्ध सदस्यहरुले स्वेच्छाले संकलित कोषको हिसाब तथा अभिलेख दुरुस्त राख्ने

(ख) क्लवबाट संचालित कार्यक्रमहरुको अभिलेख राख्ने।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

(१५) **सह सचिवको काम, कर्तव्य र अधिकार**: प्रत्येक क्लवको सहसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

**१६. कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार:** प्रत्येक क्लबको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने,

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१७ **साधारण सदस्यको काम कर्तव्य र अधिकार**: कार्यविधिको नियम ९ को उपनियम (१) बमोजिम क्लबमा आबद्ध साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने।

१८. **सल्लाहकार समितिको गठन, काम, कर्तव्य र अधिकार :** (१) प्रत्येक वडा स्तरीय क्लबमा एक सल्लाहकार समिति रहनेछ। तर पहिलोपटक क्लबको कार्यकारी समितिसँगै गठित सल्लाहकार समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ।

(२) गाउँपालिका स्तरीय बाल क्लवको सल्लाहकार समितिमा गाउँ कार्यपालिकाले तोकेका अठार वर्ष उमेर पूरा भएका बढीमा पाँच जना सदस्य रहेको एक समिति रहनेछ।

(३) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) क्लवले सम्पादन गरिरहेका क्रियाकलपहरुको बारेमा क्लबलाई सल्लाह, सुभाव र मार्गदर्शन गर्ने र सोको जानकारी गाउँपालिकालाई समेत गराउने

(ख) गाउँपालिकाले तोकेको अन्य काम गर्ने

**१९. प्रतिवेदन र पुरस्कार:-**(१) सम्बन्धित वडा कार्यालयले आफ्नो वडाको क्लबबाट सम्पादित क्रियाकलापहरुको प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा चौमासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा गाउँपालिकाको प्रत्येक आर्थिक वर्षमा सबैभन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने एउटा क्लबलाई क्षमता विस्तार तथा सुदृढीकरणका लागि एक लाख रुपैयाँ नगद अनुदान सहित पुरस्कृत गर्नेछ।

२०. **गाउँपालिका स्तरीय बाल क्लबको गठन, काम, कर्तव्य र अधिकार:-**

(१) कार्यविधि बमोजिम प्रत्येक वडामा गठन हुने वडा स्तरीय बाल क्लवहरुको कार्यकारी समितिबाट तीन/तीन जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एक जना अध्यक्ष, उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्य, एक जना सह सचिव र अन्य दश जना कार्यकारी सदस्य सहित पन्ध्र सदस्यीय एक गाउँपालिका स्तरीय बाल क्लबको गठन गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको उपस्थितिमा हुनेछ।यसरी गठन हुने गाउँपालिका स्तरीय क्लबको दर्ता तथा नवीकरण अनुसूची २ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यलयमा गर्नुपर्नेछ।

(२) एक पटक गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष भएको व्यक्ति पुनःअध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक वर्ष उपनियम (१) मा उल्लेखित प्रक्रिया अवलम्बन गरी गाउपालिका स्तरीय क्लबको पुर्नगठन गर्नु पर्नेछ।

(२१) **गाउँपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार:** गाउँपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) प्रत्येक वडा स्तरीय क्लबमा आवद्ध सदस्यसहित १६ वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका गाउँपालिका स्तरीय हाजिरी जवाफ वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि संचालन गर्ने।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालय एवं गाउँ कार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्ना व्यवस्था मिलाउने।

(ग) गाउँपालिका तथा प्रत्येक वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेताना मूलक कार्यमा सक्रिय सहभागिता जनाउने।

(घ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री लिखु तामाकोशी गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने।

(च) लिखु तामाकोशी गाउँपालिकालाई मुलुककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने,
(छ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

२२ **क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजी:**
(१) देहायका उल्लेखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिले वडा स्तरीयबाल क्लबको कार्यकारी समितिलाई अर्को व्यवस्था नहुन्जेल सम्मको लागि निलम्बन वा खारेजी गर्न सक्नेछ।
(क) कार्यविधिमा उल्लेखित समयावधिमा वार्षिक साधारण सभा वा कार्यकारी समितीको बैठक नबसेमा,
(ख) कार्यविधिमा उल्लिखित प्रावधान विपरीतको कार्य गरेको प्रमाणित भएमा,
(ग) गाउँपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघन गरेमा, (२) उपनियम (१) बमोजिम कुनै पनि क्लवको कार्याकारी समितिलाई निलम्वन वा खारेजी गर्नु अघि वडा समितीले उक्त क्लबको कार्यकारी समितिलाई ७ दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ।
(३) उपनियम (२) बमोजिमको समयावधिमा क्लवको कार्यकारी समितिले चित्तबुझ्दो सफाई पेश गरेको वडा समितिलाई लागेमा वडा समितिले क्लबको कार्यकारी समिति निलम्बन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ।
(४) उपनियम (१) बमोजिम कुनै पनि क्लवको कार्यकारी समिति खारेजी भएमा सम्बन्धित वडाले कार्यविधिको दफा ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी क्लबमा सूचिकृत सदस्यहरुको भेलाबाट पुनः क्लबको नयाँ कार्यकारी समिति गठन गर्नुपर्दछ।
(५) गाउँपालिका स्तरीय बाल क्लवको कार्यकारी समितिको निलम्बन वा खारेजीको हकमा उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित प्रावधान बमोजिम कार्य गरेको भनी कार्यपालिकालाई लागेमा उपनियम (२) र (३) बमोजिमको प्रक्रिया कार्यपालिकाले अवलम्बन गरी क्लवको निलम्बन वा खारेजीको प्रक्रियाका बारेमा कार्यपालिकाले उपयुक्त निर्णय लिन सक्नेछ। तर, वडा स्तरीय बाल क्लब उपनियम (१) बमोजिम निलम्बन वा खारेजी भएको अवस्थामा उक्त क्लबबाट गाउँपालिका स्तरीय बाल क्लबमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद रिक्त भएको मानिनेछ र उपनियम (४) बमोजिम सम्बन्धित क्लवले पूर्णता पाएपछि उक्त क्लबबाट गाउँपालिका स्तरीय बाल क्लबमा रिक्त भएको पद स्वत पूर्ति गर्नुपर्नेछ।
२३. **क्लब गठनमा लैंगिक समावेशिता कायम गर्नुपर्ने :** (१) यस कार्यविधि बमोजिम गठन गरिने वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लवको कार्यकारी समितिमा सकभर महिला र पुरुषको बराबरी उपस्थितीमा हुने व्यवस्था मिलाउनु पर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना महिला र एकजना पुरुषको अनिवार्य सुनिश्चितता मिलाउनुपर्नेछ

**अनुसूचि १**
**(नियम ३ संग सम्बन्धित।**
**लिखु तामाकोशी गाउँपालिका**
**.......नं. वडा कार्यालय**
**................, रामेछाप,**
**बागमती प्रदेश, नेपाल**

# बाल क्लब दर्ताको प्रमाण-पत्र

दर्ता न :-

लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र वालमैत्रि शासन प्रवर्द्धनका लागि लिखु तामाकोशी गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८० " नियम ३ बमोजिम गाउँपालिकाको वडा नं ............. भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको बाल क्लब दर्ता गरियो प्रमाण- पत्र प्रदान गरिएको छ।

(क) क्लवको नाम वडास्तरीय बाल क्लब वडा नं.................

(ख) क्लव रहने ठेगाना वडा नं. लिखु तामाकोशी रामेछाप, बागमती प्रदेश, नेपाल

द्रष्टव्य: कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लवको नवीकरण गर्नु पर्दछ।

क्लब दर्ता गर्ने अधिकारीको
नाम, थर र दर्जा:
दस्तखतः
नाम, थर
दर्जा
वडा नं.
नवीकरण

| क्र.स. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने वडा नं को कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |

**अनुसूचि २**
**(नियम ३ संग सम्बन्धित।**
**लिखु तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धोबी बजार, रामेछाप,**
**बागमती प्रदेश, नेपाल**

**गाउँपालिका स्तरीय बाल क्लब दर्ताको प्रमाण-पत्र**

दर्ता न :-

लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्दनका लागि गाउँपालिकाको बाल क्लव गठन तथा परिचालन कार्यविधि, २०८०" को नियम बमोजिम गाउंपालिका क्षेत्रभरि आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको हुने गरी बाल क्लब दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

(क) **क्लबको नाम:** ...... गाउँपालिका स्तरीय बाल क्लव धोबी बजार, रामेछाप।
(ख) **क्लव रहने ठेगाना:** लिखु तामाकोशी रामेछाप, बागमती प्रदेश, नेपाल।
**द्रष्टव्य: कार्यविधिको नियम ५ बमोजिमको प्रत्येक वर्ष बार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लवको नविकरण गर्नुपर्दछ।**
क्लव दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जा
दस्तखतः
नाम, थर
दर्जा:
कार्यालय:
नविकरण

| **क्र.स.** | **नवीकरण बहाल रहने अवधि** | | **नवीकरण गर्ने गाउँपालिका कार्यालयको छाप र हस्ताक्षर** |
|---|---|---|---|
| | **देखि** | **सम्म** | |
| | | | |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत